**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**इजलास नं. २**

**माननीयन्यायाधीश श्रीतेज बहादुर कार्की**

**माननीय न्यायाधीश श्री डालकुमार खड्का**

**आदेश**

**मुद्दाः- बन्दीप्रत्यक्षीकरण।**

**मुद्दा नं. 075-WH-0014**

**नि.नं. ३८५**

गण्डकी प्रदेश गोरखा जिल्ला गोरखा नगरपालिका वडा नं. १२ घर भै हाल जिल्ला प्रहरी कार्यालय गोरखामा थुनामा रहनु भएको योगेन्द्र कुमाल र ऐ. साविक मसेल गा.वि.स. वडा नं. २ को हाल परिवर्तित भिमसेन थापा गाउँपालिका वडा नं. १ घर भै हाल जिल्ला प्रहरी कार्यालय गोरखामा थुनामा रहनु भएका नन्द प्रसाद भट्टको छोरा कपिल भट्ट समेत जना २ को हकमा कपिल भट्टकी एकाघरकी श्रीमती सुभद्रा भट्ट..............................................१ } निवेदक

**विरुद्ध**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय गोरखा..........................१
प्रदेश प्रहरी कार्यालय, गण्डकी प्रदेश, पोखरा...........................................१
जिल्ला प्रहरी कार्यालय,गोरखा.....................................................१
} विपक्षी

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्रको भई साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-**

**तथ्य खण्ड**

१. निवेदनको बेहोराः-

निवेदक कपिल भट्ट र योगेन्द्र कुमाललाई सुरुमा २०७६ वैशाख २२ गते आफ्नै घरमा बसिरहेको अवस्थामा एकाबिहानै जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीहरु साद पोशाकमा आई घरबाट जबरजस्ती पक्राउ गरी लगेका र ६/७ दिन सम्म थुनामा राखी राजद्रोह मुद्दा चलाई

गोरखा जिल्ला अदालतमा पेश गर्दा निवेदक कपिल भट्ट र योगेन्द्र कुमालबाट रु.५,०००। — धरौटी बुझाई तारेखमा छुटेको अवस्था हो। मिति २०७६।१।२७ को दिउँसो निवेदक जिल्ला अदालत गोरखाबाट धरौटी दिई अदालत परिसरबाट बाहिर निस्केका थिए। विपक्षी कार्यालय मध्येका जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीहरुले तपाईं हाम्रो भ्यानमा बस्नुहोस भनी पुन:पक्राउ गरी लगिएको छ। पक्राउ गर्ने क्रममा भ्यानमा जबरजस्ती राख्दा निवेदक मध्येका कपिल भट्टको खुट्टा फ्याक्चर भएको थियो। यसरी खुट्टा फ्याक्चर भएपछी भरतपुर अस्पतालमा उपचार गर्ने क्रम मै बन्दीप्रत्यक्षीकरणको रिट दर्ता भई उच्च अदालत पोखराबाट मिति २०७५।२।१३ मा म निवेदक कपिल भट्टको हकमा बन्दीप्रत्यक्षीकरणको रिट जारी भई मिति २०७६।२।१४ मा इलाका प्रहरी कार्यालय आँबु खैरेनीबाट छुटेको लगत्तै पुन पक्राउ गरियो। त्यसपछी मिति २०७६।३।८ मा जिल्ला प्रशासन कार्यालय तनहुँमा ल्याई धरौटीमा छोड्ने आदेश भयो। हामी निवेदकहरु धरौटी रकम बुझाई निस्कँदा कारागार कार्यालय तनहुँको परिसर बाहिरबाट मिति २०७६।३।१७ मा पुन पक्राउ गरी रातारात गोरखा लगिएको भन्ने बुझिएको छ। त्यसपछि निवेदकहरुलाई आफन्त परिवारसँग भेटघाट गर्न दिएको छैन। योगेन्द्र कुमाल र कपिल भट्ट बिरामी हुँदाहुँदै पनि उचित समयमा औषधी उपचार गर्नबाट बन्चित गरीएको छ। निवेदकलाई के कस्तो अपराधमा पक्राउ गर्नु परेको हो जानकारी नदिई थुनामा राखिएको छ। थुनुवा पुर्जी दिनुपर्नेमा सो समेत नदिई थुनामा राखिएको छ। निवेदक बन्दीलाई अन्नपानी बन्द गरिएको छ वा छैन सो समेत हामीलाई जानकारी छैन। अत: विपक्षीहरुको मौखिक आदेशले निवेदकहरुलाई थुनामा राखिएको हुँदा मुलुकी देवानी संहिता २०७४ को दफा २० का आधारमा यस सम्मानित अदालत समक्ष निवदेन गर्न आएका छौं। गैरकानुनी रुपमा थुनामा राखिएका निवेदकहरुलाई सम्मानित अदालत समक्ष उपस्थित गराई थुनाबाट मुक्त गरी न्याय इन्साफ गरीपाउँ भन्ने समेत ब्यहोराको मिति २०७६।३।१९ को निवेदनपत्र।

**२. <u>यस अदालतको आदेशः-</u>**

यसमा के कसो भएको हो ? निवेदकको निवेदन मागअनुसारबन्दीलाई किन मुक्त गर्नु नपर्ने हो? निवेदकको माग अनुसार बन्दीलाई मुक्त गर्नु नपर्ने कुनै आधार कारण एवं प्रमाण भए प्रमाणसहित मिति २०७६।३।२२ का दिन ११ :३० बजेसम्म उच्च सरकारी वकिल कार्यालय पोखरा मार्फत बन्दीसहित लिखित जवाफ पेश गर्नुहोला भनी विपक्षीका नाममा प्रस्तुत आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी म्याद सूचना जारी गरी पेशीको सूचना उच्च सरकारी वकिल कार्यालय पोखरालाई दिई मुद्दा सुनुवाईको निम्ती मिति २०७६।३।२२ मा नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०७६।०३।१९ को आदेश।

**३. <u>श्री जिल्ला प्रशासन कार्यालय गोरखाकोलिखित जवाफः-</u>**

प्रतिवादीहरूमध्येका कपिल भट्टले यस कार्यालयलाई समेत विपक्षी बनाई मिति २०७६/०२/०९ मा सम्मानित उच्च अदालत, पोखरामा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरी निजको हकमा

निवेदकको माग बमोजिम मिति २०७६।०२।१३ मा बन्दी प्रत्यक्षीकरणको रिट जारी भई सम्मानित उच्च अदालत, पोखराको च.नं. ६९४७ मिति २०७६।०२।१३ को आदेशानुसार निज कपिल भट्टलाई मिति २०७६/०२/१४ का दिन निजको निकटतम श्रीमती नाताकी सुप्रभा भट्टको जिम्मा लगाई चालु रहेको उल्लेखित सार्वजनिक शान्ति विरूद्धको कसुर अपराध मुद्दामा कारवाही प्रकृया अगाडी बढाईएकोमा निज प्रतिवादी कपिल भट्ट उल्लेखित मिति २०७६।०२।१४ देखि यस कार्यालयको सम्पर्कमा न  आई अनुसन्धान प्रकृयालाई नै प्रतिकुल प्रभावमा पार्ने गरी फरार रहेका छन । उल्लेखित सार्वजनिक शान्ति विरूद्धको कसुर अपराध मुद्दाको मिति २०७६/०२/२०  मा यस कार्यालयमा अभियोग पत्र दर्ता नं. ९८ मा दर्ता भई मिति २०७६/०२/२१ को आदेशले विपक्षी निवेदक योगेन्द्र कुमाललाई रु.१,०००। - धरौट रकम लिई मिति २०७६/०३/१९ मा यस कार्यालयमा उपस्थित हुने गरी तारेखमा छाडिएको छ । निज फरार विपक्षी प्रतिवादी कपिल भट्टका नाउँमा म्याद रितपूर्वक म्याद तामेली भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयमा उपस्थित हुनका लागि समाव्हान म्याद जारी गरीएको छ। निज विपक्षीहरू यस कार्यालयले तोकेको म्यादभित्र कार्यालयमा उपस्थित नरही फरार रही कहाँ के अवस्थामा के कति प्रकारका कसुरहरू गर्दै रहे, यस कार्यालयलाई थाहा जानकारी नै छैन। उल्टै यस कार्यालयलाई थाहा जानकारी नै नभएको विषयमा यस कार्यालयलाई समेत दुखः दिने दुरासय राखी वन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरी सम्मानित अदालत समक्ष झुठा व्यहोरा प्रस्तुत गरी भ्रममा पारी        आफूहरूले अवैधानिक रूपमा गरेको कसुर अपराधहरूबाट उन्मुक्ति पाउन खोजेको प्रष्ट हुन्छ। निज विपक्षीहरू योगेन्द्र कुमाल र निज कपिल भट्टको हकमा उल्लेखित दर्ता नं. ९८ को मुद्दा चालु अवस्थामा नै रहेको अवस्थामा मुद्दाको किनारा लाग्नु पुर्व निज विपक्षीहरू अन्यत्र गैरकानुनी कार्य गर्दै रहेको र यस कार्यालयमा रहेको चालू मुद्दाको किनारा लगाउने कार्यमा समेत असहयोग गरी न्यायिक निकायको मानहानी गर्ने जस्तो कार्यमा निज विपक्षीहरू रहेको कुरा प्रस्तुत वन्दीप्रत्यक्षीकरण रिट निवेदनबाट खुल्न आउँछ।उल्लेखित सम्पुर्ण कुराहरुमा कुनै पनि किसिमको सत्यता नभएको र निजहरुको उपर मुद्दा दर्ता भई अनुसन्धानकै क्रममा रहेको हुँदा यस कार्यालयलाई समेत विपक्षी बनाई सम्मानित अदालत समक्ष पेश भएको प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरिपाउँ भन्ने समेत ब्यहोराको जिल्ला प्रशासन कार्यालय गोरखाको मिति २०७६।३।२२ को लिखित जवाफ।

**४. श्री जिल्ला प्रहरी कार्यालय गोरखाको लिखित जवाफः-**

निज प्रतिवादीहरु योगेन्द्र कुमाल र कपिल भट्टको हकमा सम्मानित जिल्ला अदालत गोरखाबाट सार्वजनिक स्थानमा विष्फोटक पदार्थ राखेकोमा विष्फोटक पदार्थ सम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गर्ने अनुमती प्रदान भई उपस्थितको लागि जिल्ला प्रहरी कार्यालय तनहुँमा पत्राचार भएकोमा जिल्ला प्रहरी कार्यालय तनहुँबाट नै निज प्रतिवादीहरु योगेन्द्र कुमार र कपिल भट्टलाई पक्राउ पुर्जी जारी गरेकोमा निजहरुले पक्राउ पुर्जी बुझ्न इन्कार गरेको भन्ने ब्यहोराको प्रतिवेदन र निजहरुको प्रति समेत मिसिल संलग्न रहेकोमा यस कार्यालयबाट निज प्रतिवादीहरु योगेन्द्र कुमाल

र कपिल भट्ट हाजिर भए पश्चात आवश्यक स्वास्थ्य परीक्षण गरी थुनुवा पुर्जी समेत जारी गरेकोमा निजहरुले थुनुवा पुर्जी समेत बुझ्न इन्कार गरेकोमा सोही ब्यहोरा थुनुवा पुर्जीमा उल्लेख गरी सो को भिडीयो रेकर्ड समेत लिई मिसिल संलग्न गरिएको छ। प्रतिवादीहरु मध्ये कपिल भट्टको दाहिने खुट्टा फ्याक्चर भएकोमा सो को उपचार अन्तर्गत अपरेसन समेत भई निको हुने क्रममा रहेकोमा निजको शारिरीक अवस्था समेतलाई मध्यनजर गरी निजको खट्टामा हाल प्लाष्टर समेत नभए तापनि यस कार्यालयको हिरासतमा अन्य थुनुवाहरुसँग नराखी हिरासत कक्षसँग जोडीएको कार्यालय प्रयोजनको लागि रहेको छुट्टै कोठामा बेड बिस्तारा सहितको पलङ्गमा निजलाई राखिएको र प्रतिवादी मध्येका योगेन्द्र कुमाललाई अन्य थुनुवाहरुसँग राखिएको छ। जुन कुरा निज कपिल भट्टलाई भेट्न आउने आफन्तले समेत देखेका छन्। प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा सम्मानित जिल्ला अदालत गोरखाबाट मिति २०७६।०३।१७ देखि लागु हुनेगरी पहिलो पटक दिन ५ र मिति २०७६।०३।२२ देखि लागू हुने गरी दोश्रो पटक दिन ५ हिरासतमा राख्ने अनुमती प्रदान भएकोमा हाल सम्म प्रतिवादीहरु मध्ये योगेन्द्र कुमालको बयान कार्य सम्पन्न भई सकेको छ। निज प्रतिवादीहरु हिरासतमा रहँदा तोकिएको समयमा भेटघाट तथा फोन लगायतका सुविधाहरु प्रदान गरिएको छ। भेटघाटको सम्बन्धमा निजहरुलाई के कुन मिति र समयमा को कस्ले भेटघाट गरेको हो भन्ने विवरण थुनुवा भेटघाट पुस्तिकामा अभिलेखिकरण गरी सो को प्रतिलिपि यसै जवाफ साथ पेश गरिएको छ। निजहरुलाई संविधान र प्रचलित कानुनको अधिनमा रही सम्मानित जिल्ला अदालत गोरखाको आदेश बमोजिम पक्राउ गरी थुनामा राखी विष्फोटक पदार्थ सम्बन्धी कसुरमा कानुनसम्मत: अनुसन्धान कार्य भईरहेको छ। तसर्थ रिट निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नभएको हुँदा रिट निवेदन खारेज गरीपाउन अनुरोध छ भन्ने समेत ब्यहोराको जिल्ला प्रहरी कार्यालय गोरखाको मिति २०७६।०३।२२ को लिखित जवाफ।

५. **<u>श्री गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको लिखित जवाफः-</u>**

जिल्ला प्रहरी कार्यालय तनहुँको चलानी नं. ४०३२ मिति २०७६।०३।१७ को पत्रसाथ निज निवेदकहरु योगेन्द्र कुमाल र कपिल भट्टलाई जिल्ला प्रहरी कार्यालय गोरखा उपस्थित गराईएको हो। विष्फोटक पदार्थ सम्बन्धी कसुरमा जिल्ला प्रहरी कार्यालय तनहुँबाट पक्राउ पुर्जी जारी गरेकोमा निजहरुले पक्राउ पुर्जी बुझ्न ईन्कार गरेको तथा जिल्ला प्रहरी कार्यालय गोरखाले हाजिर भए पश्चात आवश्यक स्वास्थ्य परीक्षण गरी थुनुवा पुर्जी समेत जारी गरेकोमा पनि निजहरुले बुझ्न ईन्कार गरेको देखिन्छ। प्रतिवादी कपिल भट्टको खुट्टा फ्याक्चर भएकोले अपरेसन गरी निजलाई छुट्टै कोठामा बेड बिस्तारा सहित राखेको तथा निजहरुलाई भेटघाट, फोन गर्ने लगायतको सुविधाहरु प्रदान गरेको पाईन्छ। निजहरुलाई विष्फोटक पदार्थ सम्बन्धी कसुरमा कानुनसम्मत : तवरबाट जिल्ला प्रहरी कार्यालय गोरखाबाट अनुसन्धान कार्य भईरहेको छ। अत : रिट निवेदनमा उल्लेख भए अनुसार नेपालको संविधान र अन्य प्रचलित कानुनद्वारा प्रत्याभुत गरिएका हक अधिकारको हनन गरेको भन्ने जिकिरहरुमा कुनै सत्यता नभई झुठ्ठा ब्यहोरा उल्लेख गरेको

देखिन्छ। तसर्थ रिट निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नभएको हुँदा रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ भन्ने समेत ब्यहोराको गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको मिति २०७६।०३।२२ को लिखित जवाफ।

**आदेश-खण्ड**

६. नियमानुसार निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुसर्वश्री गोबिन्द पौडेल सन्तोष कोईराला तथा हिमलाल पराजुलीले अदालतको आदेशले छोडेका व्यक्तिहरुलाई पनि गैरकानूनी थुनामा राखेको कारणबाट संविधान तथा कानून प्रदत्त नैसर्गिक हक अधिकारमा गम्भीर आघात पुगेको हुँदा निवेदन माग बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरि पाउँ भनी तथा विपक्षी कार्यालयहरुको तर्फबाट उपस्थित उच्च सरकारी वकिल कार्यालय पोखराका उप न्यायाधिवक्ता श्री प्रेमराज पौडेललेनिवेदकहरुलाई विष्फोटक पदार्थ सम्बन्धी कसुरमा कानुनसम्मत: तवरबाट म्याद थप गरी जिल्ला प्रहरी कार्यालय गोरखाबाट अनुसन्धान कार्य भईरहेको छ। रिट निवेदनमा उल्लेख भए अनुसार नेपालको संविधान र अन्य प्रचलित कानुनद्वारा प्रत्याभुत गरिएका हक अधिकारको हनन गरेको भन्ने जिकिरहरुमा कुनै सत्यता नहुँदा यस अवस्थामा निवेदकहरुको दावी बमोजिम रिट आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनि गर्नुभएको बहस समेत सुनियो।

७. उपर्युक्त बहस सुनीनिवेदन-पत्रसहितको मिसिल अध्ययन गरी हेर्दा , निवेदकको माग दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता छ वा छैन ? भन्ने सन्दर्भमा निर्णय दिनुपर्ने देखियो।

८. निर्णयतर्फ विचार गर्दा, निवेदक कपिल भट्ट र योगेन्द्र कुमाललाई सुरुमा पक्राउ गरी ७ दिन सम्म थुनामा राखी राजद्रोह मुद्दा चलाएकोमा गोरखा जिल्ला अदालतबाट धरौटी बुझाई तारेखमा छुटेको सोही दिउँसो पुनपक्राउ गरी लगिएकोमा कपिल भट्टको हकमा बन्दीप्रत्यक्षीकरणको रिट जारी भई मिति २०७६।२।१४ मा इलाका प्रहरी कार्यालय आँबु खैरेनीबाट छुटेको लगत्तै पुन पक्राउ गरिजिल्ला प्रशासन कार्यालय तनहुँमा ल्याई धरौटीमा छोड्ने आदेश भएर निस्कँदा मिति २०७६।३।१७ मा पुन पक्राउ गरी रातारात गोरखा लगिएको भन्ने बुझिएको के कस्तो अपराधमा पक्राउ गर्नु परेको हो जानकारी र थुनुवा पुर्जी समेत नदिई थुनामा राखिएको गैरकानुनी हुँदा थुनाबाट मुक्त गरी पाउँ भन्ने निवेदन व्यहोरा रहेको देखिन्छ । प्रचलित कानुनको अधिनमा रही सम्मानित जिल्ला अदालत गोरखाको आदेश बमोजिम पक्राउ गरी थुनामा राखी विष्फोटक पदार्थ सम्बन्धी कसुरमा कानुनसम्मत : अनुसन्धान कार्य भईरहेको हुँदा माग बमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नभएको लिखित जवाफ व्यहोरा रहेको देखियो। बन्दी प्रत्यक्षीकरणको रिट लगायत Prerogative Writsकुन कुन अवस्थामा जारी हुन्छन भन्ने कुरा ऐन नियममा नकिटिई रिट जारी गर्न सक्ने अधिकारसम्म तोक्ने गरेको पाइन्छ। यस प्रकारका असाधारण उपचार प्रदान

गर्ने शर्त र तौरतरिका सिद्धान्तको रुपमा रहेका हुन्छन्। रिट सम्बन्धी सिद्धान्तको रुपमा रहेको यी मान्यताहरूको अन्तर्गत रहेर रिट जारी हुने नहुने कुरामा न्यायिक तजबीजको प्रयोग गर्नुपर्ने हुन्छ।

९. कानूनविपरीत थुनामा राखिएको भएमा , प्रवृत्त धारणा बनाई वा बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको भएमा , पक्राउ गर्नु पर्ने कारणको सूचना तथा जानकारी नै नदिई थुनामा राखिएको भएमा, प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लङ्घनलगायत कानूनले अनिवार्य गरेको प्रक्रियाहरू स्पष्ट उल्लङ्घन गरी थुनामा राखिएको देखिएमा , अख्तियारवालाबाहेक अरूबाट भएको काम कारबाही तथा आदेशले अनधिकृत तवरबाट थुनामा राखिएको भएमा वा स्वच्छ सुनुवाइबेगर वा अभियोग नलगाई थुनामा राखिएको देखिएमा अर्थात् स्पष्ट अधिकार क्षेत्रात्मक त्रुटि देखिएको अवस्था भएमा अथवा यस्तै प्रकारवाट कानुन प्रतिकुल थुनामा राखेको अवस्थामा बन्दिप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था रहन्छ।कानुन प्रतिकुल बन्दी बनाइएको अवस्थामा संविधानद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रताको हक प्रचलनका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिएको छ । बस्तुतः थुनाको कारण पत्ता लगाउँदा कानूनसंगत कारण नदेखिए थुनाबाट मुक्त गर्ने आदेश जारी गर्नु नै बन्दी प्रत्यक्षीकरणको उपचारको उद्देश्य रहेको हुन्छ ।

१०. रिट निवेदक कपिल भट्ट र योगेन्द्र कुमाललाई विपक्षी जिल्ला प्रहरी कार्यालय गोरखाका सुरक्षाकर्मीले मिति २०७६।१।२२ मा पक्राउ गरी थुनामा राखी चलाएको राजद्रोह मुद्दामा गोरखा जिल्ला अदालतबाट मिति २०७६।०१।२७ मा रु.५०००। — धरौटीमा छाडी मुद्दा पुर्पक्ष गर्ने आदेश भएपनी निज निवेदकहरुलाई सो अदालत परिसरबाटै पुन : पक्राउ गरी सार्वजनिक शान्ति विरुद्धको कसुरमा मुद्दा चलाएको, सो मुद्दामा जिल्ला प्रशासन कार्यालय गोरखाबाट धरौटीमा छुट्नासाथ जिल्ला प्रहरी कार्यालय तनहुँले हिरासतमा राखी अर्को मुद्दा चलाई दमौली स्थित कारागारमा राखेको देखिन्छ। यसै बिच निवेदक कपिल भट्टको हकमा यस अदालतबाट मिति २०७५।२।१३ मा जारी भएको बन्दीप्रत्यक्षीकरणको आदेशको कारण भोलिपल्ट निज थुनामुक्त भएको भन्ने लिखित जवाफ भएकोमा निज निवेदक पनि लगातार कहिले गोरखा जिल्ला र कहिले तनहुँ जिल्लामा विपक्षीहरुका कारण आलोपालो गरी मिति २०७६।०१।२२ गते देखी लगातार थुनामा बसेको देखियो।

११. यसरी निवेदकहरु लगातार थुनामा रहेकै अवस्थामा विस्फोटक पदार्थ सम्बन्धी कसुरमा मिति २०७६।३।१७ देखी पक्राउ गरी पत्राचार गरी विपक्षी जिल्ला प्रहरी कार्यालय गोरखाले कारवाही गरेको लिखित जवाफ भएपनि मिसिल संलग्न कागज प्रमाणबाट हिरासतमा रहेका र यसअघि बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त भएको भनिए पनि यस अदालतको सो आदेश छलछाम गर्न निवेदकहरुलाई तत्कालै अर्को जिल्लामा सरकारवादी फौजदारी मुद्दामा थुनामै राखी कारवाही गरिएको, मिति २०७६।२।१३ को यस अदालतको बन्दीप्रत्यक्षीकरणको आदेशको समेत घुमाउरो पाराले अवज्ञा गरेको अवस्थामा देखिएको र त्यसरी लगातार प्रहरीको

हिरासतमा र कारागारमा थुनामा रहेका यी निवेदकहरुको विरुद्धमा विस्फोटक पदार्थको आरोप सम्बन्धी कुनै सबुत प्रमाण रहेको भन्ने कुरा लिखित जवाफबाट नदेखिएको यस स्थितिमा त्यस्तो मुद्दामा निवेदकहरुलाई थुनामा राख्नुपर्ने कारण मनासिब नदेखिएको र निवेदकहरुलाई विपक्षीहरुले प्रवृत्त धारणा लिई कानुन विपरित थुनामा राखेको देखिएकोले नेपालको संविधानको धारा १४४, मुलुकी देवानी संहिता २०७४ को दफा २० र उच्च अदालत नियमावली २०७३ को नियम ३९ को देहाय (ख) र (ग) बमोजिम निवेदकहरुलाई थुनामुक्त गरिदिनु भनि विपक्षी जिल्ला प्रहरी कार्यालय समेतको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ।

१२. यसरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई विपक्षीहरुको गैरकानुनी थुनाबाट थुनामुक्त हुने निवेदक बन्दीहरु कपिल भट्ट र योगेन्द्र कुमाललाई लिखित जवाफ साथ आज यसै इजलासमा उपस्थित गराइएको र निजहरुको हकमा थुनामुक्त गरिदिनु भनी यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएकोले निज निवदकहरु कपिल भट्ट र योगन्द्र कुमाललाई यस अदालतको रजिष्ट्रारको रोहवरमा निज निवेदकहरुको आफन्त नातेदार कोही उपस्थित रहे भए निजहरुलाई जिम्मा लगाई बुझाईदिनु। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल</u>

- प्रस्तुत आदेशको प्रमाणित प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकिल कार्यालय पोखरालाई दिनु...........................................................................१
- सरोकारवालाहरुलाई नियमानुसार नक्कल दिनु.............................................२
- प्रस्तुत आदेशको विद्युतीय प्रतिलिपि कम्प्युटर प्रणालिमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु............................................३

**तेज बहादुर कार्की**

**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**डालकुमार खड्का**
**न्यायाधीश**

इजलास अधिकृतः मोहन रायमाझी

**इति सम्वत्२०७६ सालआषाढ२२गते रोज १शुभम्......................................।**